# सुरक्षित गर्भपतन

## गर्भपतनपश्चात्को हेरचाह तथा जटिलता व्यवस्थापनबारे संक्षिप्त जानकारी



नेपाल परिवार नियोजन संघ

Planned Parenthood®
Federation of America, Inc.

**सुरक्षित गर्भपतन सेवा प्राप्त गरिसकेपछि के गर्नुपर्छ ?**

- पल्टेर सजिलो हुने गरी आराम गर्नुपर्छ
- यदि खाने इच्छा लागेमा खाँदा हुन्छ

**सुरक्षित गर्भपतन गरिसकेपछि गर्भपतन गराउने महिलालाई कस्तो अनुभव हुन्छ ?**

महिनाबारी हुँदाको जस्तो तल्लो पेट दुख्न सक्छ । गर्भपतनपश्चात् दिनभरि नै आराम गर्दा राम्रो हुन्छ । तपाईंले सुरक्षित गर्भपतन गरेकै दिनमा नुहाउन सक्नुहुन्छ र भोलिपल्टदेखि नै काममा पनि जान सक्नुहुन्छ ।

**सुरक्षित गर्भपतन सेवा लिइसकेपछि स्वास्थ्यकर्मीसँग के कुरा सोध्न भुल्नु हुँदैन ?**

- दिइएका औषधिहरू कसरी र कति मात्रामा प्रयोग गर्ने ?
- गर्भपतनपश्चात् केकस्ता समस्या आउन सक्छन् र त्यस्ता समस्या आए भने के गर्ने ?
- समस्या आउँदा आकस्मिकरूपमा कसलाई र कहाँ सम्पर्क गर्ने ?
- फेरि कहिले जाँच गराउन आउने ?
- अनिच्छित गर्भ रोक्नका लागि परिवार नियोजनको केकस्तो साधन प्रयोग गर्ने ?

**तालिम नलिएका स्वास्थ्यकर्मी तथा मान्यता नपाएका स्वास्थ्य केन्द्रमा वा असुरक्षित तरिकाले गर्भपतन गराउँदा कस्ता खालका समस्या आउन सक्छन् ?**

- पाठेघर पूरै सफा नहुन सक्छ
- धेरै रगत जान सक्छ
- संक्रमण हुन सक्छ
- पाठेघर काटिन वा च्यातिन सक्छ
- पाठेघरमा घाउ लाग्न सक्छ
- दुखाइ कम गर्ने औषधि वा इन्जेक्सनले एलर्जी पनि गर्न सक्छ
- कहिलेकाहीं पाठेघरबाहिर गर्भ रहिरहेको पनि हुन सक्छ

**सुरक्षित गर्भपतन गरेको कतिपछि फेरि महिनावारी शुरू हुन्छ ?**

सुरक्षित गर्भपतन गराएको ४ देखि ८ हप्तामा महिनावारी फेरि शुरू हुन्छ ।

**सुरक्षित गर्भपतन गरेको कतिपछि शारीरिक सम्पर्क राख्न सकिन्छ ?**

सुरक्षित गर्भपतन गरेको १ हप्तासम्म शारीरिक सम्पर्क गर्नुहुँदैन । गर्भपतनपछि पनि तुरुन्त गर्भ रहने सम्भावना भएको हुनाले गर्भ रहन नदिन परिवार नियोजनका साधन प्रयोग गर्नुपर्छ ।

**गर्भपतनपछि परिवार नियोजनको कुन साधन तुरुन्त प्रयोग गर्न सकिन्छ ?**

परिवार नियोजनका निम्नसाधनलाई गर्भपतनपछि तुरुन्त प्रयोग गर्न सकिन्छ

| | |
|---|---|
|  | **कण्डम** – यौन सम्पर्क राख्ने समयमा प्रयोग गर्ने । |
|  | **पिल्स** – तुरुन्तै सुरु गर्ने, अस्पतालमै । |
|  | **डिपोप्रोभेरा** – तुरुन्तै सुरु गर्ने, अस्पतालमै । |
|  | **नरप्लान्ट** – तुरुन्तै सुरु गर्ने, अस्पतालमै । |
|  | **आई.यू.सी.डी.** – पाठेघरमा संक्रमण वा अन्य कुनै समस्या नभएमा तुरुन्त राख्न सकिने वा अन्य कुनै साधन केही महिना प्रयोग गरेपछि राख्न सकिने । |

**के गर्भपतनपछि परिवार नियोजनको साधन प्रयोग गरिहाल्नु पर्छ ?**

गर्भपतनले हालको गर्भ त जान्छ तर परिवार नियोजनको साधन प्रयोग नगरेमा १० दिनभित्रमै अर्को गर्भ रहन सक्छ। त्यसैकारण गर्भपतनपश्चात् शारीरिक सम्बन्ध राख्दा परिवार नियोजनको साधन प्रयोग गर्नु अति आवश्यक हुन्छ।

**गर्भपतनपछि तुरुन्त परिवार नियोजनको कुन स्थायी उपाय अपनाउन सकिन्छ ?**

- मिनिल्याप – पाठेघरको संक्रमण वा रगत कम भएको अवस्थामा बाहेक तुरुन्तै गर्न सकिन्छ।
- भ्यासेक्टोमी –पुरुषले गर्ने हुँदा तुरुन्तै गर्न सकिने।

**गर्भपतनपश्चात् केकस्ता समस्या आए भने तुरुन्त स्वास्थ्य केन्द्र जानुपर्छ ?**

- ज्यादै धेरै रगत बग्यो भने
- २ हप्ताभन्दा बढीसम्म धेरै रगत बगिरह्यो भने
- तल्लो पेट ज्यादै नै दुख्यो भने
- योनिबाट गन्हाउने मैलो पानी बगेमा
- एकदिनभन्दा बढी ज्वरो आयो भने

**असुरक्षित गर्भपतनपश्चात् केकस्ता दीर्घकालीन जटिलताहरू देखा पर्न सक्छन् ?**

- तल्लो पेट वा पाठेघर दुखिरहनु
- पाठेघर वा यसका नलीहरू संक्रमण भै सुन्निनु
- पाठेघरका नली बन्द भै गर्भ रहन नसक्ने हुनु
- डिम्बवाहिनी नलीमा गर्भ रहनु
- गर्भवती भएमा पूर्ण अवधि नपुगी शिशु जन्मिनु
- आफसेआफ गर्भपतन भइरहनु



## गर्भपतनबाट तुरुन्त देखिन सक्ने समस्या र तिनको उपचार

गर्भपतनपश्चात् देखिने निम्नसमस्याको उपचार तथा औषधि आधिकारिक स्वास्थ्यकर्मीद्वारा वा तिनको सल्लाहमा मात्र प्रयोग गर्नुपर्दछ ।

| | लक्षणहरु | तत्काल गरिने उपचार |
|---|---|---|
| १. अत्यधिक रक्तस्राव | जमेको वा नजमेको गाढा रगत बग्नु । प्याड वा कपडा भिज्नु, शरीर फुस्रो हुनु, रिङटा लाग्नु | रिंगर ल्याक्टेट शुरु गर्ने, सम्भव भएमा पाठेघर सफा गर्ने । रगत दिने व्यवस्था गर्ने |
| २. पाठेघरको संक्रमण | ज्वरो आउनु, योनिबाट नराम्रो वा गन्हाउने पानी बग्नु, तल्लो पेट दुख्नु, पाठेघरको मुखबाट पीप बग्नु, लामो समयसम्म रगत गइरहनु | आवश्यक भए आई.भी. दिने, पुनर्जलीय झोल दिने, एम्पीसिलिन तत्काल दिने, जेन्टामाइसिन दिनमा दुईपटक दिने, मेट्रोनिडाजोल हरेक ८ घण्टामा दिने |
| ३. पेटभित्रको चोटपटक | पेट फुलेको, वाकवाकी वा बान्ता आउने, ज्वरो आउने पेट कडा हुने, आन्द्राबाट आवाज आउने | रिंगर ल्याक्टेट वा सलाइन तुरुन्त दिने । आवश्यक परेमा रगत दिने, एण्टिबायोटिक दिने, रेफर गर्नुपर्ने वा नपर्ने विचार गर्ने |
| ४. शक | नाडी छिटोछिटो चल्नु, रक्तचाप कम हुनु, छाला चिसो, फुस्रो हुनु, मूर्छा पर्नु, पिसाब कम हुनु, रगत अत्यधिक बग्नु | रिंगर ल्याक्टेट वा सलाइन दिने, न्यानो पारेर राख्ने, खुट्टा उचालेर टाउकोको लेभलभन्दा माथि राख्ने, मुखबाट केही पनि खान नदिने, उपलब्ध भएमा अक्सिजन दिने, आवश्यक भएमा रगत दिने |



सुरक्षित गर्भपतनको लागि

हितैषी

सूचना केन्द्र

**सुरक्षित गर्भपतन सेवा कहाँ उपलब्ध छ ?**

नेपाल परिवार नियोजन संघका निम्नक्लिनिकहरूमा सुरक्षित गर्भपतन सेवा उपलब्ध छ ।

| स्थान | सम्पर्क टेलिफोन |
|---|---|
| केन्द्रीय क्लिनिक, पुल्चोक, ललितपुर | ०१-५५२४६७० |
| चितवन शाखा, भरतपुर | ०५६-५२०१६४ |
| | ०५६-५२३४६४ |
| काठमाडौं उपत्यका शाखा, कोटेश्वर | ०१-६६३०२५७ |
| झापा शाखा, चारआली | ०२३-५२०१७७ |
| कास्की शाखा, पोखरा | ०६१-५२०४३६ |
| रूपन्देही शाखा, बुटवल | ०७१-५४००८१ |
| | ०७१-५४३८८२ |
| धनुषा शाखा, जनकपुरधाम | ०४१-५२०१८८ |
| नवलपरासी शाखा, परासी | ०७८-५२०११८ |
| मकवानपुर शाखा, हेटौंडा | ०५७-५२०७४५ |
| मोरङ शाखा, विराटनगर | ०२१-५३०३१० |
| दाङ शाखा, घोराही | ०८२-५६००२३ |
| परिवार स्वास्थ्य केन्द्र, इटहरी | ०२५-५८३१४४ |
| परिवार स्वास्थ्य केन्द्र, पाँचखाल, काभ्रे | ०११- ६६३०३८ |

NAWRN परियोजनाका लागि
प्रोग्राम सपोर्ट शाखा
नेपाल परिवार नियोजन संघ
पुल्चोक, ललितपुर, पो.ब.नं. [illegible], काठमाडौं
फोन [illegible]
फ्याक्स [illegible]

Credits: Population council SEA and Vikalpdesign, India

Planned Parenthood
Federation of America, Inc.

प्रतिलिपि सर्वाधिकार © नेपाल परिवार नियोजन संघ, केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुरमा निहित । प्रकाशकको आधिकारिक स्वीकारोक्तिमा यस पर्चाका कुनै पनि अंशलाई स्रोत खुलाई उद्धरण, पुनः प्रकाशन वा पूरै उल्था गर्न सकिनेछ । प्रकाशन वर्ष: सन् २००३